नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
सानोठिमी, भक्तपुर

प्रकाशित मितिः २०८०/१० /१२

जनवादी गणतन्त्र चीन सरकारले नेपाल सरकारलाई सन् २०२४/२५ का लागि प्रदान गरेको स्नातक र स्नातकोत्तर तहको इञ्जिनियरिङ विषय र स्नातक स्नातकोत्तर र पिएचडी तहको कृषि तथा पशुविज्ञान विषयमा छात्रवृत्तिको लागि दरखास्त दिएका उम्मेदवारहरूको पूर्वमनोनयन गरिएको सम्बन्धी जरुरी सूचना

परराष्ट्र मन्त्रालय, उत्तर पूर्व एशिया महाशाखाको प. सं. उपूए /CHN-६/२०८०/८१, च. नं. ५२०, मिति २०८०/०७/१७ तदनुसार ०३ नोभेम्वर २०२३ को प्राप्त पत्रानुसार चीन सरकारले नेपाल सरकारलाई शैक्षिक सत्र २०२४।२०२५ का लागि प्रदान गरेको छात्रवृत्तिका लागि इञ्जिनियरिङ र कृषि तथा पशुविज्ञान विषयको स्नातक र स्नातकोत्तर तहका लागि आवेदन माग भई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८०/१०/०८ को निर्णयअनुसार योग्यताक्रम प्रकाशन भएको विदितै छ। सोही योग्यताक्रम तथा आवेदकले रोजेका विषय र प्राथमिकताको आधारमा मन्त्रालयको मिति २०८०/१०/१२ गतेको निर्णयअनुसार साधारण तथा समूहगत रूपमा देहायअनुसारको पूर्वमनोनयन सूची प्रकाशन गरिएको छ। पूर्वमनोनयन हुनुभएका उम्मेदवारहरूले चीन सरकारबाट छात्रवृत्ति सुनिश्चित भएर आएमा अध्ययन गर्न जाने वा नजाने विषयमा निवेदन दिन ( निवेदन ढाँचा यसैसाथ संलग्न छ) तथा अध्ययन गर्न जान इच्छुक उम्मेदवारले दरखास्त पेश गर्दाका बखतको प्रमाणपत्रको सक्कल प्रतिसमेत लिएर २०८० साल माघ १४ गते दिउँसो ३.०० बजेभित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति शाखा, सानोठिमी, भक्तपुरमा अनिवार्य रूपमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । साथै प्रकाशित पूर्वमनोनयन सूचीउपर कुनै तथ्यगत गुनासो भए २०८० साल माघ १४ गते दिउँसो ३.०० बजेभित्र नै उम्मेदवार स्वयम् उपस्थित भई छात्रवृत्ति शाखामा लिखित रूपमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।काम विशेषले उपत्यका बाहिर रहनु भएका उम्मेदवारले अध्ययन गर्न नजाने विषयको निवेदन यस शाखाको इमेल applyscholarship@moest.gov.np मार्फत् तोकिएको समयभित्र आइपुग्ने गरी पठाउन सकिने छ तर अध्ययन गर्न जान इच्छुक उम्मेदवारले तोकिएको समयसीमाभित्र अनलाइन रजिष्ट्रेसन गर्नुपर्ने भएकाले आफैं तोकिएको समयमा उपस्थित हुन सूचित गरिन्छ। तोकिएको समयसीमा भन्दा बाहिर प्राप्त हुने निवेदनलाई स्वीकार गरिने छैन। सम्बन्धित मुलुकबाट छात्रवृत्ति सुनिश्चित भई आएपछि मात्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अन्तिम मनोनयन गर्ने व्यहोरासमेतयसै सूचना द्वरा जानकारी गराइन्छ।
तपसिल

(क)इञ्जिनियरिङ् तर्फ स्नातक तहको पूर्व मनोनयन सूची

**Pre- Nomination based on MOEST Merit List published in 2080, Magh- 08**

| S. N | MOEST Rank | Reg N | Name of Candidates | G | Select Subject | Pre-Nomination Group |
|---|---|---|---|---|---|---|
| 1 | 1 | 2 | Dhiresh Khatri | M | Civil Avation Oparation Engineering | General -1 |
| 2 | 2 | 5 | Prasonga Paudel | M | Genetic Engineering | General-2 |

(ख) इञ्जिनियरिङ् तर्फ स्नातकोत्तर तहको पूर्व मनोनयन सूची

**Pre- Nomination based on MOEST Merit List published in 2080, Magh- 08**

| SN | MOEST Rank | Reg N | Name of Candidates | G | Stream | Select Subject | Pre-Nomination Group |
|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 7 | Aayush Bhatta | M | MI | Mechanical Engineering | General- 1 |
| 2 | 3 | 1 | Ek Raj Gautam | M | CA | Civil Engineering | General- 2 |
| 3 | 4 | 21 | Gyanendra Bikram Ghimire | M | CA | Civil Engineering | General- 3 |
| 4 | 5 | 14 | Mani Shrestha | M | CA | Civil Engineering | General -4 |
| 5 | 6 | 6 | Resham Pun Magar | M | CA | Civil Engineering | General -5 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | 9 | 17 | Aayush Niroula | M | CA | Agriculture Engineering | General -6 |
| 7 | 13 | 2 | Sandesh Dhungana | M | EE | Electrical Engineering | General -7 |
| 8 | 14 | 8 | Dilli Ram Acharya | M | CA | Agriculture Engineering | General -8 |
| 9 | 15 | 11 | Khem Raj Joshi | M | MI | Mechanical Engineering | General -9 |
| 10 | 1 | 5 | Grishila  Manandhar | F | CA | Civil Engineering | Femal  -1 |

(ग) कृषि तथा पशु विज्ञान तर्फ स्नातक  तहको पूर्व मनोनयन सूची

**Pre- Nomination based on MOEST  Merit List published in 2080,Magh- 08**

| S.N | MOEST Rank | Reg No | Name of Candidates | G | Select Subject | Pre- Nomination Group |
|---|---|---|---|---|---|---|
| 1 | 1 | 7 | Sulochana Adhikari | F | Agriculture | General-1 |
| 3 | 3 | 5 | Subekshya Sedai | F | Vetenary | General -2 |

(घ) कृषि तथा पशु विज्ञान तर्फ स्नातकोत्तर तहको पूर्व मनोनयन सूची

**Pre- Nomination based on MOEST  Merit List published in 2080, Magh- 08**

| SN | Moest Rank | Reg N | Name of Candidates | G | Select Subject | Pre-Nomination Group |
|---|---|---|---|---|---|---|
| 1 | 1 | 6 | Utshav Bhandari | M | Genetics Plant Breeding | General-1 |
| 2 | 2 | 3 | Mandira Sapkota | F | Plant Pathology | General-2 |
| 3 | 3 | 7 | Bimal Roka Magar | M | Plant Pathology | General-3 |
| 4 | 4 | 5 | Gokarna Prasad Sharma | M | Agriculture Economics | General-4 |
| 5 | 5 | 4 | Shishir Pandey | M | Agriculture Economics | General-5 |
| 6 | 6 | 1 | Sandip Thakur | M | Agriculture Economics | General-6 |
| 7 | 7 | 2 | Hemanta Shahi | M | Horticulture | General-7 |

(ङ) कृषि तर्फ   पिएचडी तहको पूर्व मनोनयन सूची

| क्र. स. | उम्मेदवारको नाम थर | प्रस्तावको शिर्षक | सिफारिसको प्रकार |
|---|---|---|---|
| १ | MILAN SUBEDI | Factors Affecting Adoption of Cereal based Agricultural Machineries by Women Farmers in Federal Nep**al.** | मुख्य उम्मेदवार |
| २ | Suman Kumar Singh | Molecular Characterization and Detection of Antibiotic Resistant Genes of *Streptococcus uberis* from the Bovine Mastitic Milk<br><br>Introduction | मुख्य उम्मेदवार |

(च) चिकित्सा शिक्षा स्नातकोत्तर तह तर्फ

चिकित्सा शिक्षा आयोगवाट छनोट भई आएका तपसिल बमोजिमका उम्मेदवारले तोकिएको समयसीमाभित्र अनलाइन रजिष्ट्रेसन गर्नु पर्ने भएकाले मिति २०८० साल माघ १४ गते दिउँसो ३. ०० बजेभित्र अनिवार्य रुपमा आफैँ उपस्थित हुन जानाकारी गराईन्छ।

| | | |
|---|---|---|
| 1 | RAKESH KUMAR RAUT | Hemato Oncologist |
| 2 | NABINPANTHI | Interventional Radiology |
| 3 | KRISHNARAJARYAL | Interventional Radiology |
| 4 | YUKTIBHATTA | Gynecology |
| 5 | SHAILESHDAHAL | Gynecology |
| 6 | MUKESH KUMAR SAH | Health Informatics |
| 7 | SURAJSHRESTHA | Health Economics |
| 8 | KRISHNA GARU | Medical Bio Statistics |
| 9 | SAGARACHARYA | Medical Physicists |
| 10 | AJAY KUMAR CHAUDHARY | Medical Physicists |

निवेदन ढाँचा                                                                                     मितिः २०८०/१०/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौँ

विषयः अध्ययन गर्न इच्छुक भएको सम्बन्धमा

महोदय
प्रस्तुत विषयमा मिति २०८० साल माघ ११ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइटमा प्रकाशित सूचनाअनुसार चीन सरकारद्वारा सन २०२४/२५ का लागि प्रदान गरेको इञ्जिनियरिङ/ कृषि विषयको स्नातक र स्नातकोत्तर तहको छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/महिला समूहमा प्रकाशन भएको तथा म अध्ययन गर्न इच्छुक भएको हुँदा चीन सरकारबाट अध्ययन सुनिश्चित भई यस मन्त्रालयबाट अन्तिम मनोनयन भएमा नियमानुसार अध्ययन गर्न इच्छुक भएको हुँदा यो निवेदन दिएको छु ।अनलाइन रजिष्ट्रेसनका लागि तोकिएको समयभित्र फारम भरी त्यसको डाउनलोड प्रति यस शाखामा बुझाउने छु ।

निवेदक
नामः श्री....................
योग्यताक्रमः
छनौट भएको विषयः
हस्ताक्षरः
फोन नं:
इमेल:

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदन ढाँचा

मितिः २०८०/१०/

श्री प्रमुखज्यू
छात्रवृत्ति शाखा
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल काठमाडौँ

विषयः अध्ययन असमर्थता बारे

महोदय
प्रस्तुत विषयमा मिति २०८० साल माघ ११ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइटमा प्रकाशित सूचनाअनुसार चीन सरकारद्वारा सन् २०२४/२५ का लागि प्रदान गरेको इञ्जिनियरिङ/ कृषि विषयको स्नातक र स्नातकोत्तर तहको छात्रवृत्तिमा मेरो नाम पनि पूर्वमनोनयन सूचीमा साधारण/महिला समूहमा प्रकाशन भएकोमा मेरो व्यक्तिगत कारणले अध्ययन गर्न जान असमर्थ भएको हुँदा पूर्वमनोनयन सूचीबाट मेरो नाम हटाइदिनु हुन राजी खुसीसाथ यो निवेदन दिएको छु ।

निवेदक
नामः श्री....................
योग्यताक्रमः
पूर्वमनोनयन भएको विषयः
हस्ताक्षरः
फोन नं:

| दायाँ | बायाँ |
|---|---|
| | |